# वैशाख ३१ को निर्वाचनअघि प्रचारप्रसार अवधिमा भएका घटनाहरु

विश्लेषण अद्यावधि – ५

अवधि: वैशाख ९ देखि २७, २०७४

प्रकाशित: वैशाख २८

पहिलो चरणको चुनाव वैशाख ३१ मा नजिकिदै जाँदा राजनीतिक दलहरुले आ-आफ्ना चुनावी गतिविधि बढाउन थालेपछिको यस अवधिमा प्रदेश ३, ४ र ६ मा निर्वाचनसम्बन्धी घटना उल्लेखनीय रुपमा बढ्यो [1]। वैशाख ९ देखि २७ को अवधिमा नेपाल मोनिटरले सङ्कलन गरेको तथ्याङ्कअनुसार प्रदेश ३, ४ र ६[2] मा ५६ घटना घटे[3]। पहिलो चरणको निर्वाचन सम्पन्न नहुञ्जेलसम्म दोश्रो चरणको निर्वाचनको तयारीको सबै कार्यक्रम रोकिएको हुनाले पछिल्लो रिर्पोटहरुको अवधिको दाँजोमा मधेश केन्द्रित दलहरुको गतिविधिमा व्यापक कमी आयो । साथै दोश्रो चरणको चुनावअघि संविधान संशोधनको सहमतिलाई मुख्य दलहरुले पालना गर्छ वा गर्दैन भन्ने पनि मधेश केन्द्रित दलहरुले प्रतिक्षा गरिराखेका छन् ।

यस अवधिमा बम राखेको, तोडफोड, आगजनी, झडप तथा उम्मेदवार वा उसको समर्थकमाथि आक्रमण लगायतका कम्तीमा ३४ हिंसात्मक घटना भए । यस्तै नेपाल कम्युनिष्ट पार्टी-एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) बीच दोलखाको गौरीशङ्कर गाउँपालिकाको जुङ्गुमा झडप हुँदा नेकपा-एमालेका एकजना कार्यकर्ता मारिए ।

नागरिक समाज, निर्वाचन पर्यवेक्षक समूहहरु तथा निर्वाचन आयोग र प्रधानमन्त्री लगायत सरकारका विभिन्न निकायहरुले भर्खरै भइरहेका हिंसात्मक गतिविधिहरु प्रति चासो व्यक्त गरेका छन् । हिंसात्मक घटनामा भएको वृद्धिले निर्वाचन सम्पन्न गर्न चुनौती थपेको छ र यसले हिंसा तथा त्रासरहित वातावरणमा उम्मेदवारहरुले प्रतिस्पर्धा गर्न पाउने र मतदाताले मतदान गर्न पाउने अधिकारको हनन गर्छ । यी घटनाहरुले देशका विभिन्न भागका मतदाताहरुलाई त्रसित बनाएको हुनुपर्छ र यसले मतदाताको सङ्ख्यामा कमी ल्याउन सक्छ । निर्वाचनको दिनमा हुनसक्ने हिंसाले निर्वाचनको स्थगनसम्म हुनसक्छ जसले ती ठाँउका मतदाताहरुको मतदान गर्न पाउने अधिकारबाट वञ्चित गराउने छ ।

---

1 दोश्रो चरणको निर्वाचन प्रदेश १, २, ५ र ७ मा जेठ ३१ मा गरिने भएको छ ।

2 प्रदेश ३ मा २४, प्रदेश ६ मा १७ र प्रदेश ४ मा १५ घटना घटे ।

3 यस रिपोर्ट प्रकाशन भइरहँदा नेपाल मोनिटर र समाचार माध्यमहरुले थप घटना संकलन तथा संप्रेषण गरिराखेको छ । घटनाहरुको सम्पूर्ण सङ्ख्याबारे जानकारी आगामी अद्यावधिमा समावेश गरिनेछ ।

नगरपालिका र गाउँपालिकाहरुमा प्रचारप्रसारका गतिविधिहरु बढदै जाँदा नेपाली काँग्रेस, नेकपा-एमाले र माओवादी केन्द्र लगायत मुख्य दलहरुबीच अनेकौं झडप भए । यस्ता झडपहरु खासगरी नगरपालिका, गाउँपालिका तथा वडा तहमा प्रतिस्पर्धा गरिरहेका विपक्षी दलहरुका समूहहरुबीच भयो । प्रचारप्रसारका दौरान मुख्य दलहरुबीच भिडन्तका १३ घटना भए र अनेकौं घाइते भए[4] ।

विद्यमान संसदीय प्रणाली विरुद्ध रहेको र निर्वाचन बिथोल्ने घोषणा गरेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)[5] ले पनि यस अवधिमा खासगरी प्रदेश ६ र ४ का दुर्गम क्षेत्रहरुमा गतिविधि बढायो । कार्यकर्ताहरुले उम्मेदवारहरुलाई उम्मेदवारी फिर्ता लिन धम्क्याउने, प्रचारप्रसार अभियान बिथोल्ने, गाउँ तथा नगरपालिकाहरुमा तालाबन्दी गर्ने, आगजनी र उम्मेदवारमाथि आक्रमण गर्ने जस्ता २० वारदातमा नेकपा संलग्न रहयो । उम्मेदवार तथा तिनका समर्थकहरुलाई धम्क्याएको, निर्वाचनको विरुद्धमा सभाहरु गरेको र प्रचारप्रसार अभियानहरुलाई बिथोलेको अभियोगमा नेकपा कार्यकर्ताहरु ११ घटनामा समातिए । एउटा घटनामा नेकपा कार्यकर्ताहरु बमसहित पक्राउ परे । नेकपा कार्यकर्ताहरु आगजनी तथा उम्मेदवारहरुलाई धम्क्याउने जस्ता अन्य पाँच हिंसात्मक घटनामा संलग्न रहे । अर्को प्रमुख घटनामा नेकपा कार्यकर्ताहरुले कालीकोटमा प्रहरी गस्ती टोलीमाथि आक्रमण गर्दा ७ जना प्रहरी घाइते भए ।

अज्ञात समूहहरुद्वारा उम्मेदवारहरुलाई तर्साउने नियतले गरिएको १० घटना थियो । सात घटनामा उम्मेदवारहरुलाई प्रत्यक्ष लक्षित गरियो, तीमध्ये तीन आगजनीका र एक-एक अपहरण, प्रचारप्रसार अभियान बिथोलेको, गोली प्रहार गरेको र बम राखेको घटनाहरु थिए ।

पहिलो चरणको निर्वाचन सम्पन्न नहुञ्जेलसम्म प्रदेश १, २, ५ र ७ मा दोश्रो चरणको निर्वाचनको तयारीको सबै कार्यक्रम रोकिएपछि यस अवधिमा मधेश केन्द्रित दलहरुको गतिविधिमा व्यापक कमी आयो । यस अवधिमा मधेश केन्द्रित दलहरुको संलग्नतामा एउटा मात्र घटना रहयो जसमा मधेशी मोर्चा कार्यकर्ताहरुले मतदाता शिक्षा कार्यक्रमलाई बिथोले । मधेशी मोर्चाका[6] एक मुख्य घटक राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) ले पहिलो चरणको चुनावमा भाग नलिने निर्णय गऱ्यो, तर मोर्चाको अर्को प्रमुख घटक संघीय समाजवादी फोरम नेपाल (ससफो) ले भने भाग लिने निर्णय गऱ्यो । यद्यपि सबै मधेश केन्द्रित दलहरुले दोश्रो चरणको चुनावमा भाग लिनको निम्ति संविधान संशोधनको मुद्दालाई अझै शर्तको रुपमा कायम राखेका छन् ।

---

[4] नेकपा-एमाले र नेपाली काँग्रेसका कार्यकर्ताहरुबीच छ पटक भिडन्त भयो भने नेपाली काँग्रेस र माओवादी केन्द्रबीच तीन, नेकपा-एमाले र माओवादी केन्द्र दुई तथा नयाँ शक्ति पार्टी नेपाल (नयाँ शक्ति) एक पल्ट जुधे ।

[5] नेत्र विक्रम चन्द विप्लवको नेतृत्वमा नेकपा एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीबाट छुट्टिएको हो । उनीहरुले स्थानीय निर्वाचन बिथोल्ने घोषणा गरेको छ ।

[6] मधेशी मोर्चा मधेश केन्द्रित सात दलको गठबन्धन थियो । उपेन्द्र यादवको नेतृत्वको संघीय समाजवादी फोरम नेपाल बाहेक अरु छ दलको एकीकरण भएर वैशाख ७ मा राजपाको गठन भयो ।

**घटनाहरुको विवरण**

यस अवधिमा घटेका मुख्य घटनाहरुको विवरण तल दिइएको छ ।

*नेकपा संलग्न घटनाहरु*

- वैशाख ११ मा नेकपाका कार्यकर्ताहरुले निर्वाचनको विरोधमा प्यूठानका स्वर्गद्वारी नगरपालिका, प्यूठान नगरपालिका र माण्डवी गाउँपालिकाका साइनबोर्ड झिके । नेकपा कार्यकर्ताहरुले सोही दिन कास्कीको माछापुच्छ्रे, अन्नपूर्ण र मादी गाउँपालिकामा तलाबन्दी गरे । त्यसै दिन नेकपा कार्यकर्ताहरुले रोल्पाको रुन्टीगढी गाउँपालिकाको साइनबोर्ड जलाए । रुन्टीगढीका एक वडा कर्मचारीअनुसार कार्यकर्ताहरुले गाउँपालिका कर्मचारीहरुमाथि हातपात नै गर्न खोजेका थिए ।
- वैशाख १२ मा नेकपा कार्यकर्ताहरुले निर्वाचन तथा संसदीय प्रणाली विरुद्ध काठमाण्डुको शान्तिवाटिकामा प्रदर्शन गरे ।
- वैशाख ११ र २५ को बीचमा निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा ११ ठाउँबाट नेकपाका कार्यकर्ताहरु गिरफ्तार भयो :
    - वैशाख ११ मा निर्वाचन खारेजीको माग गर्दै जुलुस निकाल्न खोज्दा सुर्खेतको विरेन्द्रनगर नगरपालिकाबाट ३० जना नेकपा कार्यकर्ता समातिए । प्रहरीले उनीहरुबाट चुनाव विरोधी नाराहरु लेखिएको १०० भन्दा बढी झण्डा र तुल खोसे ।
    - वैशाख १९ मा निर्वाचनको प्रचार गरिएका पोस्टर च्यातेको र चुनाव विरोधी पर्चा टाँसेको अभियोगमा जुम्लाको सदरमुकामबाट प्रहरीले दुईजना नेकपा कार्यकर्ता समाते ।
    - उम्मेदवारहरुलाई उम्मेदवारी फिर्ता लिन धम्क्याएको आरोपमा प्रहरीले वैशाख २० मा चितवनबाट ३ नेकपा कार्यकर्ता, वैशाख २२ मा काभ्रेबाट चारजना र धादिङबाट १२ जना, वैशाख २३ मा सिन्धुलीबाट तीनजना र बाग्लुङबाट दुईजना समात्यो ।
    - वैशाख २१ मा बर्दियाको गुलरियामा बैठक गरिरहको ठाउँबाट निर्वाचन विरोधी पर्चा राखेको आरोपमा १३ जना नेकपा कार्यकर्ता समातिए ।
    - वैशाख २२ मा भित्तामा चुनाव विरोधी नाराहरु लेखेको तथा टाँसेको आरोपमा कास्कीको माछापुच्छ्रे गाउँपालिकाबाट तीनजना नेकपा कार्यकर्ता समातिए ।
    - वैशाख २२ मा उम्मेदवारलाई धम्क्याएको र निर्वाचन विरोधी पर्चा बाँडेको आरोपमा दोलखामा तीनजना नेकपा कार्यकर्तालाई गिरफ्तार गरियो ।
    - वैशाख २३ मा महोत्तरीको बर्दीबासमा बमसहित तीनजना नेकपा कार्यकर्ता गिरफ्तार भए । महोत्तरीका प्रहरी उपरीक्षकअनुसार निर्वाचन बिथोल्न उनीहरुले १८ सरकारी कार्यालयमा बम राख्ने योजना बनाएका थिए ।

- वैशाख २१ मा नेकपा कार्यकर्ताहरुले कालिकोटको सान्नी त्रिवेणी गाउँपालिकाको मुम्रा गाउँमा माओवादी केन्द्रको घरदैलो चुनावी कार्यक्रमलाई अवरोध गऱ्यो । माओवादी केन्द्रका एक केन्द्रीय सदस्यअनुसार नेकपाका करिब ४० जना कार्यकर्ता कालो झण्डा देखाउदै माओवादी केन्द्रका चुनावी अभियानकर्ताहरुलाई गाउँ पस्नमा रोक लगायो ।
- वैशाख २३ मा कास्कीको माछापुच्छे गाउँपालिकाको वडा २ मा नेपाली काँग्रेसबाट वडा अध्यक्ष उम्मेदवारको सवारी साधनमा नेकपा कार्यकर्ताहरुले आगो लगाए । कास्की नेपाली काँग्रेसले यस घटनाको भर्त्सना गर्दै र दोषीलाई कारवाहीको माग गर्दै प्रेस विज्ञप्ति जारी गऱ्यो ।
- वैशाख २३ मा कालिकोटको रस्ताकोट नगरपालिको पुच्छेगाउँमा नेकपा कार्यकर्ताहरुले प्रहरीमाथि आक्रमण गर्दा सातजना प्रहरी घाइते भए । प्रहरी श्रोतअनुसार निर्वाचन विरोधी गतिविधिमा संलग्न रहेको भनिएको एक नेकपा नेतालाई समाउन प्रहरी गाउँमा जाँदा नेकपा कार्यकर्ताहरुले प्रहरीमाथि ढुङ्गा हान्न थाले । गाउँमा बिहेमा आएका नेकपा नेतालाई प्रहरीले समात्न खोज्दा स्थानीय बासिन्दाहरुले प्रहरीमाथि आक्रमण गरेको नेकपाका एक पोलिटब्यूरो सदस्यले दाबी गरे । सिकिस्त घाइते भएका एक प्रहरीलाई सदरमुकाम मान्माको जिल्ला अस्पताल पुऱ्याइयो ।

मुख्य दलहरु संलग्न घटनाहरु

- वैशाख २४ मा निर्वाचन क्षेत्र २ को क्षेत्रीय समितिले एकपक्षीय ढङ्गले उम्मेदवार चयन गरेको आरोप लगाउदै सुर्खेतको लेकबेसी नगरपालिकाका नेपाली काँग्रेसका असन्तुष्ट कार्यकर्ताहरुले जिल्ला पार्टी कार्यालयमा ताल्चा लगाए । लेकबेसी नगरपालिकाको मेयर तथा उपमेयर पदको उम्मेदवारहरु चयन गर्दा पार्टीले नगरपालिकाका कार्यकर्ताहरुसँग सरसल्लाह नै नगरेको आरोप उनीहरुले लगाए ।
- बैशाख २१ मा जाजरकोटको कुशे गाउँपालिकाको काफलबाटामा नेकपा-एमालेको चुनावी सभालाई नेपाली काँग्रेसका कार्यकर्ताहरुले बिथोल्दा नेकपा-एमालेका तीनजना कार्यकर्ता गम्भीर घाइते भए । एक स्थानीय नेताको अगुवाइमा नेपाली काँग्रेसको एक समूहले चक्कु र ढुङ्गाले सभामा आक्रमण गरेको आरोप नेकपा-एमालेका जिल्ला सचिवले लगाए ।
- वैशाख २३ मा रुकुमको मुसीकोटमा माओवादी केन्द्र र नेपाली काँग्रेसको झडपमा छजना माओवादी केन्द्रका कार्यकर्ता र एकजना नागरिक घाइते भए । एकजना नेपाली काँग्रेस समर्थकको घरबाट नेपाली काँग्रेसको झण्डा माओवादी केन्द्रका कार्यकर्ताहरुले झिक्दा भिडन्त भएको थियो । जिल्ला प्रहरी कार्यालयका प्रवक्ताअनुसार भिडन्तमा संलग्न रहेको आरोपमा छजना नेपाली काँग्रेस र चारजना माओवादी केन्द्रका कार्यकर्तालाई गिरफ्तार गरियो ।
- वैशाख २३ मा गोरखाको गोरखा नगरपालिकामा माओवादी केन्द्रसँगको झडपमा चारजना नयाँ शक्तिका कार्यकर्ता घाइते भए । चुनावी प्रचारको क्रममा नयाँ शक्तिका कार्यकर्ताहरु जीपमा जिल्ला सदरमुकामतिर गइरहेको बेला माओवादी कार्यकर्ताहरुले आक्रमण गरे । घाइतेहरुलाई अस्पताल पुऱ्याइयो ।

- वैशाख २३ मा रुकुमको त्रिवेणी गाउँपालिकामा भएको झडपमा पाँचजना नेपाली काँग्रेस र चारजना माओवादी केन्द्रका कार्यकर्ता घाइते भए । नेपाली काँग्रेसका कार्यकर्ताहरु शान्तिपूर्वक चुनावी प्रचार गरिरहेको बेला माओवादी केन्द्रका कार्यकर्ताहरुले आक्रमण गरेको आरोप नेपाली काँग्रेसका नेताहरुले लगाए ।
- वैशाख २५ मा डोल्पाको मुदकेचुला गाउँपालिकामा नेकपा-एमाले र माओवादी केन्द्रबीच झडप हुँदा नेकपा-एमालेका दुईजना र माओवादी केन्द्रका पाँचजना घाइते भए ।
- वैशाख २६ मा सिन्धुलिको दुधौलि नगरपालिकामा निर्वाचनसम्बन्धी विषयमा वादविवाद हुँदा माओवादी केन्द्रका कार्यकर्ताहरुले कुटपीट गर्दा दुईजना नेकपा-एमालेका कार्यकर्ता घाइते भए । गम्भीर घाइते भएका ती कार्यकर्ताहरुलाई उपचारको लागि काठमाण्डु लगियो ।
- वैशाख २६ मा दोलखाको गौरीशङ्कर गाउँपालिकाको जुङ्गु गाउँमा माओवादी केन्द्रसँगको झडपमा नेकपा-एमाले कार्यकर्ता कुलबहादुर तामाङको मृत्यु भयो । त्यसैगरी अर्को नेकपा-एमाले कार्यकर्ता दिलबहादुर बुढाथोकी गम्भीर घाइते भए ।

अज्ञात समूह संलग्न घटनाहरु

- वैशाख १२ मा धादिङको खनियाबास गाउँपालिकाको कोहिममा नेकपा-एमालेको चुनावी प्रचार कार्यक्रमलाई अज्ञात समूहले बिथोल्यो । अर्को दिन आमसभा गर्न भनेर बनाएको मञ्चलाई त्यो समूहले तोडफोड गऱ्यो ।
- वैशाख १८ मा म्याग्दीको बेनी नगरपालिकाको वडा ४ मा अध्यक्षको लागि नेपाली काँग्रेसका प्रत्याशीलाई एक अज्ञात समूहले अपहरण गऱ्यो । नेपाली काँग्रेसका उम्मेदवारलाई नेकपाका कार्यकर्ताले अपहरण गरेको आशङ्का प्रहरीले गरेको छ ।
- वैशाख २१ मा कालिकोटको खाडाचक्र नगरपालिकाको वडा ८ मा अध्यक्षको लागि नेकपा-एमालेका उम्मेदवारको घरतिर एक अज्ञात समूहले गोली प्रहार गऱ्यो ।
- वैशाख २२ मा पर्वतको कुश्मा नगरपालिकामा नेपाली काँग्रेसको तर्फबाट मेयरको प्रत्याशीको घरको भुइँ तल्लामा एउटा सकेट बम फेला पऱ्यो । नेपाली सेनाले बमलाई निष्कृय पाऱ्यो ।
- वैशाख २२ मा नुवाकोटको शिवपूरी गाउँपालिकामा एक नेपाली काँग्रेसका उम्मेदवारको सवारी साधनमा एक अज्ञात समूहले आगो लगायो ।
- वैशाख २३ मा एक अज्ञात समूहले धादिङको धुनीबेसी नगरपालिकाको वडा ५ मा नेपाली काँग्रेसको चुनावी प्रचारमा प्रयोग गरिएको दुई सवारी साधनलाई जलाए ।
- वैशाख २३ मा धादिङको थाकरे गाउँपालिकाको वडा २ मा नेकपा-एमालेको तर्फबाट अध्यक्षको उम्मेदवारको घरको प्राङ्गणमा राखिएको जीपलाई जलाइयो ।
- वैशाख २५ मा काठमाण्डुमा एक नेपाली काँग्रेसका नेताको शिवपूरी पानी उद्योगमा एक अज्ञात समूहले पेट्रोल बम प्रहार गऱ्यो । कम्पनी म्यानेजरअनुसार पाँचजना मुखौटा लगाएको एक समूहले कम्पनीको सुरक्षाकर्मीलाई नियन्त्रणमा लियो र उद्योगमा बम प्रहार गऱ्यो । उद्योगको प्राङ्गणमा रहेको एउटा कार र मोटरसाइकल पूर्ण ध्वस्त भयो भने अर्को एउटा मोटरसाइकल आंशिक रुपमा जल्यो ।

मधेशी मोर्चा संलग्न घटनाहरु

- वैशाख ९ मा सप्तरीको राजविराजमा मोर्चा कार्यकर्ताहरुले मतदाता शिक्षा तालिमलाई बिथोल्दा प्रहरीसँग झडप भयो । तालिम भइरहेको स्थल अनिरुद्र माध्यमिक विद्यालयमा मोर्चा कार्यकर्ताहरु पसेर तालिमसम्बन्धी सामग्रीहरु खोसेपछि प्रहरीले उनीहरुलाई तितरबितर गरे । चारजना मोर्चा कार्यकर्ता घाइते भयो जसलाई पछि अस्पताल पुऱ्याइयो ।

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनहरुको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको पाँचौ संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहयोग प्राप्त गरेको छ ।*

# हिंसात्मक घटनाहरु, बैशाख ९ देखि बैशाख २७, २०७४ सम्मको

बैशाख २२  बैशाख २७  यस अवधिमा चितवन, धादिंग, कास्की, काठमाडौं, नवलपरासी, नुवाकोट, रोल्पा र रुकुम लगायतका जिल्लाहरुमा स्थानीय तह निर्वाचनका उम्मेदवारहरुले प्रयोग गरेको सवारी(साधनमा आगजनी भए

प्रहरीले आगजनीको घटनाहरुमा नेत्र विक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको हात रहेको आशंका गरेको छ

बैशाख २७: रुकुमको सनोभारी गौपलिका-१ मा माओवादी केन्द्र र नेपाली कांग्रेसका कार्यकर्ताबीच झडप भएपछि प्रहरीद्वारा हवाई फायर

बैशाख २६: दोलखाको गौरीशंकर गाउँपालिका-२ मा नेकपा माओवादी केन्द्र र नेकपा एमालेका कार्यकर्ताबीच झडप हुदा नेकपा एमालेका एक कार्यकर्ताको मृत्यु , अर्को एक जना गम्भीर घाइते

बैशाख २५: स्याङ्जाको छापाकोट-६ नगरपालिकामा नेपाली काँग्रेसका कार्यकर्ताहरुले खुकुरी प्रहार गर्दा ४ जना नेकपा एमाले कार्यकर्ता घाइते

बैशाख २५: डोल्पाको जुफालमा नेपाली काँग्रेस र नेकपा एमाले कार्यकर्ताबीच झडप

बैशाख २५: डोल्पाको मुद्केचुलामा माओवादी केन्द्र र नेकपा एमाले कार्यकर्ताबीच झडप हुदा ७ जना घाइते

बैशाख २५: नेपाली काँग्रेस कार्यकर्ताको आक्रमणमा परि म्याग्दीमा नेकपा एमालेको तर्फबाट बेनी-५ को वडा अध्यक्षको उम्मेदवार घाइते

बैशाख २३: कालिकोटको रास्कोट नगरपालिका-७ मा नेत्र विक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरुसंग झडप हुदा ७ जना प्रहरी घाइते

बैशाख २३: माओवादी केन्द्रका कार्यकर्ताहरुले आक्रमण गर्दा गोर्खा नगरपालिका-९ मा नयाँ शक्तिका ४ जना घाइते

बैशाख २३: रुकुमको मुसिकोट नगरपालिका-२ मा नेपाली काँग्रेसका कार्यकर्ताहरुसंग झडप हुदा ६ माओवादी केन्द्रका कार्यकर्ता घाइते

बैशाख ११: अज्ञात समूहद्वारा धादिंगको खानियाबस-२ मा नेकपा एमालेको कार्यक्रमको लागि बनाईएको स्टेज तोडफोड



# अहिंसात्मक घटनाहरु, बैशाख ९ देखि बैशाख २७, २०७४ सम्मको

बैशाख २१: भरतपुर महानगरपालिकाको मेयरको लागि पार्टीको तर्फबाट उम्मेदवारी फिर्ता लिने निर्णयको विरोध गर्दै नेपाली काँग्रेसका कार्यकर्ताहरुद्वारा चितवनमा विरोध प्रदर्शन

बैशाख १४: स्थानीय निर्वाचनको लागि उम्मेदवार सिफारिसको विषयमा असन्तुष्टि जनाउदै नेपाली काँग्रेसका कार्यकर्ताहरुद्वारा सुर्खेतमा पार्टी कार्यालयमा तालाबन्दी

बैशाख १४: कुशे गाउपलिकाको प्रमुखको लागि पार्टीको तर्फबाट उम्मेदवार सिफारिसको विषयमा असन्तुष्टि जनाउदै नेकपा एमालेका कार्यकर्ताहरुद्वारा जाजरकोटमा आफ्नै पार्टी कार्यालयमा तालाबन्दी




**घटनाका प्रकारहरु**

- घेराउ धर्ना तालाबन्दी
- विरोध प्रदर्शन
- अरु राजनीतिक विरोध

**जम्मा घटनाहरुको संख्या**

- ०
- १ - २
- ३ - ५
- ६ - १०

NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal

बैशाख ११-बैशाख २६ यस अवधिमा प्रहरीले बर्दिया, चितवन, दैलेख, धादिंग, दोलखा, जुम्ला, कास्की, काठमाडौँ, काभ्रेपलाञ्चोक, महोत्तरी, प्युठान, रुकुम, सिन्धुली, र सुर्खेतबाट चुनाव विरोधी गतिविधिमा संलग्न भएको आरोपमा नेत्र बिक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरुलाई पक्राउ गर्यो

महोत्तरी र चितवनबाट चन्दका कार्यकर्ताहरु विस्फोटक पदार्थसहित पक्राउ परे